मुख्यमन्त्री

प्रदेश नं.१, विराटनगर

# शुभकामना

आज माघ १६ गते सहिद दिवसका अवसरमा राणा शासनविरोधी आन्दोलनका सहिदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्दलगायत लोकतन्त्र, जनाधिकार, न्याय, समानता र जनजीविका प्राप्तिका लागि नेपाली जनताले अघि बढाएको लामो र कठिन संघर्षका दौरानमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

राणा शासन सुरु हुनु अघिदेखि राणा शासनविरुद्धका आन्दोलन, पञ्चायती व्यवस्था अन्त्यका लागि गरिएको आन्दोलन, पछिल्लो गणतान्त्रिक आन्दोलन, जनयुद्ध, मधेश आन्दोलनलगायतका आन्दोलनहरूमा हजारौं नेपाली जनताले ज्यान गुमाएका छन्, सहादत प्राप्त गरेका छन् । ती महान सहिदहरूको त्याग र बलिदानको परिणामस्वरुप नै मुलुकमा गणतन्त्र, लोकतन्त्र, संघीय शासन प्रणाली स्थापना हुनुका साथै विकास र समृद्धिको ढोका खुलेको छ ।

सहिदहरूको त्याग र बलिदानबाट थुप्रै उपलब्धिहरू प्राप्त भएका छन् भने अझै पनि केही उपलब्धिहरू प्राप्त हुन बाँकी छ । त्यसैले सहिद दिवसको आजको महत्वपूर्ण घडीमा सहिदका सपनाहरू पूरा गर्न र बाँकी उपलब्धिहरू प्राप्त गर्न सबै मिलेर अघि बढौं । मन, वचन, कर्मले इमान्दारिताका साथ लागी परौं भन्ने आह्वान पनि गर्न चाहान्छु ।

राजेन्द्रकुमार राई
मुख्यमन्त्री

मिति : २०७८ माघ १६ गते, आइतबार